नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

फोन नं.: ०३७-५२०७११
मो.नं.: ९८५२८४१७११
९८५२८२८०३०
E-mail: pmamp.piu.ok@gmail.com

(सूचना नं. २२)

# कार्यक्रम माग गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८२/०९/०१)

यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगाको चालु आ.व.२०८२/०८३ को स्विकृत वार्षिक कार्यक्रम अनुसार अधिकतम ५० प्रतिशत लागत साझेदारीमा तपशिलका कार्यक्रम कार्यान्वयन गर्नको लागि ओखलढुंगा र सोलुखुम्बु जिल्लाका देहायका जोन क्षेत्रका इच्छुक कृषक/कृषि समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि फर्म तथा कम्पनीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात् मिति २०८२।०९।१५ गतेभित्र यस कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगा र जोन प्राविधिक एकाइ, सोलुखुम्बुमा निवेदन सहित कार्यक्रम सामाग्री माग गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

## तपशिल

| क्र.स. | जोन क्षेत्र | कार्यक्रम/क्रियाकलापहरु | माग गर्ने सामाग्री विवरण | लागत साझेदारी |
|---|---|---|---|---|
| १ | सुन्तला जोन (सोलुखुम्बु र ओखलढुंगा) | सुन्तला बालीको लागि आवश्यक बाली संरक्षण सामाग्रिहरु खरिद सहयोग कार्यक्रम | प्रोट्रिन बेट, स्टिम पेष्ट (रेडिमेट वोर्डो पेष्ट), मिनिरल आयल, निलोतुथो, चुन, सर्वो तेल, ढुंसिनाशक बिषादी, फेरोमेन ट्र्याप, स्टीकी ट्र्याप, लाइट ट्र्याप, स्पेयर इत्यादी | बढीमा ५०% |
| २ | किवी जोन (सोलुखुम्बु ) | किवी बगैचा सुदृदिकरण कार्यक्रम | स्टिम पेष्ट (रेडिमेट वोर्डो पेष्ट), निलोतुथो, चुन, सूक्ष्म तत्व, मल्चिङ्ग प्लाष्टिक, हाते औजारहरु (सिकेचर, पुनिङ्ग-स, स्प्रेयर आदी) | बढीमा ५०% |
| ३ | स्याउ/ओखर जोन (सोलुखुम्बु ) | स्याउ बगैचा सुधार तथा व्यवस्थापन प्रदर्शनी कार्यक्रम | स्टिम पेष्ट (रेडिमेट वोर्डो पेष्ट), निलोतुथो, चुन, सूक्ष्म तत्व, मल्चिङ्ग प्लाष्टिक, हाते औजारहरु (सिकेचर, पुनिङ्ग-स, स्प्रेयर आदी) | बढीमा ५०% |
| ४ | स्याउ ओखर जोन, किवी जोन, सुन्तला जोन र आलु जोन | प्राङ्गारिक मल उत्पादन व्यवस्थापन तथा माटो सुधार कार्यक्रम | भर्मी कम्पोष्ट मल, EM., जीवातु आदी | बढीमा ५०% |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

(१) रु १० को टिकट सहित कार्यालयले तोकेको ढाँचाको निवेदन
(२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
(३) सम्बन्धित निकायमा कृषि समूह/सहकारीसंस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
(४) सहकारी/समूहको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
(५) बगैंचाको क्षेत्रफल विवरण

**थप जनकारीको लागि:**

कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगा, टेलीफोन नं. ०३७-५२०७११ वा सूचना अधिकारी नम्बर ९८५२८२८०३० र जोन प्राविधिक एकाइ, सोलुखुम्बु ०३८-५२०४०६ सम्पर्क राख्न सक्नु हुनेछ ।

हेम बहादुर आले मगर
(निमित्त वरिष्ठ कृषि अधिकृत)